बागमती प्रदेश सभा

दोस्रो कार्यकाल

छैठौं अधिवेशन

बैठक संख्या: १२ र १३

सूचना पत्र -२,

(बैठकको कारवाही संक्षिप्त विवरण)

२०८२ असार १ गते,आइतबार

बागमती प्रदेश सभाको आजको बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा साझको ८:४१ बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शुन्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गराउँनुभयो ।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले बागमती प्रदेश सरकारको **"आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमान (बजेट वक्तव्य)"** प्रस्तुत गर्दै बागमती प्रदेश सरकारको आ.व २०८२/०८३ को कुल बजेट ६७ अर्व ४७ करोड ७३ लाख २७ हजार विनियोजन भएको जसमध्ये चालुतर्फ ३८.६०% अर्थात २६ अर्व ४ करोड ४६ लाख ९१ हजार, पुँजिगततर्फ ६१.४०% अर्थात ४१ अर्ब ४३ करोड २६ लाख ३६ हजार, र आगामि आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोत मध्ये कर राजस्वबाट रु. २८ अर्व ८७ करोड ८२ लाख १ हजार, अन्य राजस्वबाट रु. ६ अर्व ७९ करोड ४ लाख १३ हजार, संघिय वित्तीय हस्तान्तरणबाट रु. १४ अर्ब ८१ करोड ९३ लाख, चालु आर्थिक वर्षको अनुमानित सञ्चित कोषको बचत र विविध प्राप्तिबाट रु. १६ अर्ब ९८ करोड ९४ लाख १३ हजार व्यहोरिने अनुमान गरिएको छ भन्नुभयो।

तदन्तर सभाको अर्को बैठक आजै बेलुकाको १०:४५ बजे बस्ने गरी यो बैठक बेलुकाको १०:२५ बजे स्थगित भयो।

बागमती प्रदेश सभाको आजको दोस्रो बैठक माननीय सभामुख श्री भुवन कुमार पाठकको अध्यक्षतामा साझको १०:४५बजे प्रारम्भ भयो।

त्यसपछि माननीय सभामुखले आजको बैठकमा शुन्य समय र विशेष समय नरहने व्यहोरा जानकारी गराउँनुभयो ।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले बागमती प्रदेश सरकारको **"आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमान बजेट वक्तव्य"** को प्रति टेबुल गर्नुभयो ।

त्यसपछि माननीय सभामुखले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफल २०८२ साल असार १२ गते देखि हुने व्यहोरा जानकारी गराउँनुभयो ।

तदुपरान्त माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले **"प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वियन गर्न बनेको विधेयक, २०८२"** प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (१) बमोजिम पेश गर्नुभयो ।

तत्पश्चात माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री कुन्दन राज काफ्लेले **"बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ को चैत्र मसान्त सम्मको प्रगति विवरण "** पेस गर्नुभयो ।

तदन्तर प्रदेश सभाको अर्को बैठक मिति २०८२ साल असार १२ गते बिहिबार, बिहान ११:०० बजे बस्ने गरी यो बैठक बेलुकाको १०:५४ बजे स्थगित भयो।

(रामकुमार पौडेल)

सचिव